भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ | संख्याः १५ | मितिः २०७५/११/२७


**भाग-२**

**भूमे गाउँपालिका**

## गाउँपालिका सार्वजनिक परीक्षण कार्यविधि, २०७५

**गाउँसभामा प्रस्तुत मितिः २०७५।११।२६**
**गाउँसभाबाट स्वीकृत मितिः २०७५।११।२६**

**परिचय**

गाउँपालिकाबाट सञ्चालित सम्पूर्ण कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयनमा पारदर्शिता र गुणस्तरीयता लेखाजोखा गर्न भूमे गाउँ कार्यपालिकालको मिति २०७५।११।२६ को बैठकबाट यो कार्यविधि तर्जुमा गरिएको छ ।

### परिच्छेद १

### कार्यविधिको उद्देश्य, संक्षिप्त नाम र परिभाषा

१ **कार्यविधिको उद्देश्यः** (१) गाउँपालिकाले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमहरुको सन्दर्भमा सञ्चालन पूर्व, सञ्चालन अवधिमा र सम्पन्न भैसकेपछि सरोकारवालाहरुबाट सहभागितामूलक किसिमले लेखाजोखा गर्ने कामलाई व्यवस्थित गर्ने उद्देश्यले "भूमे गाउँपालिकाको सार्वजनिक परीक्षण कार्यविधि, २०७५" तयार गरिएको छ । यस सार्वजनिक परीक्षण कार्यविधिका विस्तृत उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

**क.** गाउँपालिकाले सञ्चालन  गर्ने कार्यान्वयन गर्ने योजनाहरुबाट समाजले लिन सक्ने

अधिकाधिक लाभको सुनिश्चितताको लागि सम्पादित कार्यहरु सरोकारवालाबाट लेखाजोखा हुने पद्धतिको स्थापना गर्ने,

**ख.** सार्वजनिक परीक्षण प्रणाली अवलम्बन गर्न गाउँपालिकालाई मार्गदर्शन गर्ने,

**ग.** सार्वजनिक परीक्षण प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्ने,

**घ.** गाउँपालिकाहरुबाट सम्पादन हुने सार्वजनिक परीक्षण प्रक्रियामा एकरुपता ल्याउने ।

(२) गैसस तथा अन्य सार्वजनिक संस्थाहरुले पनि यस कार्यविधिलाई प्रयोग गर्न सक्नेछन् । सो गर्न गराउन गाउँपालिकाहरुले समन्वय र सहयोग गर्नु पर्नेछ ।

**२. संक्षिप्त नाम:** यस कार्यविधिको नाम "स्थनीय निकाय सार्वजनिक परीक्षण कार्यविधि २०६७" रहेकोछ । यो कार्यविधि स्थानीय आवश्यकता अनुसार परिमार्जन गर्नुपर्ने देखिएमा सो समेत गरी सम्बन्धित गाउँपालिकाको परिषद्ले निर्णय गरेको मितिदेखि लागू हुनेछ ।

**३. परिभाषा:**

क. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्नेछ ।

ख. "गाउँपालिका" भन्नाले भूमे गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुलाई समेत सम्झनु पर्नेछ ।

ग. "गाउँपालिकाको प्रमुख" भन्नाले गाउँपालिका अक्ष्यक्षलाई सम्झनुपर्नेछ ।

घ. "सार्वजनिक परिक्षण (Public Audit)" भन्नाले विकास कार्यक्रममा भएको लगानीको (सरोकारवालाले गर्ने) लेखाजोखालाई सम्झनु पर्नेछ । स्थानीय तहमा सम्पादन हुने र भएका विकासका किग्रयाकलापहरुको सञ्चालन पद्धति, सञ्चालनको अवस्था, लगानी गर्ने संस्था, लगानी रकम, आयोजना व्यवस्थापनमा रहेको सबल तथा दूर्बल पक्षहरु, निर्णय प्रक्रिया, खरिद प्रक्रिया आदिमा अपनाइएको तरिका, उपभोक्ता तथा सरोकारवालाहरुको सहभागिता, योजनाको तात्कालीक प्रभाव आदि विषयमा सरोकारवाला तथा लाभान्वित समूहबीचको छलफल तथा लेखाजोखा सार्वजनिक परिक्षणभित्र पर्नेछन् ।

ङ. "समुदायबाट सञ्चालन हुने योजना" भन्नाले सार्वजनिक निकायको सहयोगमा उपभोक्ता समिति, गैर सरकारी संस्था, टोल विकास संस्था र सामुदायिक संस्थाबाट सञ्चालन हुने निर्माण तथा सामाजिका विकास सम्बन्धी योजनालाई सम्झनु पर्नेछ ।

च. "सामुदायिक परीक्षण (Community Audit)" भन्नाले सार्वजनिक परीक्षणको लघु/ सरल

रुप भन्ने सम्झनु पर्नेछ । दश लाख भन्दा कम रकम लगानी भएका आयोजनाको सन्दर्भमा परिच्छेद - ३ बमोजिमको परीक्षणलाई सामुदायिक परीक्षण मानिनेछ ।

छ. "गैसस" भन्नाले गैर सरकारी संस्थालाई सम्झनु पर्नेछ ।

## परिच्छेद २
## सार्वजनिक परीक्षण सम्बन्धी व्यवस्था

४. **सार्वजनिक परिक्षण सम्बन्धी व्यवस्था:** सार्वजनिक परीक्षण गर्नुपर्ने आयोजना, पटक तथा किसिमहरुको व्यवस्था देहाय बमोजिम हुनेछ:

**क) विकास योजनाहरुको सार्वजनिक परीक्षण गर्नुपर्ने:** गाउँपालिका मार्फत सञ्चालन हुने सबै किसिमका योजना तथा कार्यक्रमहरु (आफ्नै स्रोत, केन्द्र स्तरीय योजना, आयोजना परियोजनाहरु) सम्पन्न भएपछि फरफारक गर्नु पूर्व अनिवार्य रुपमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । यस्तो व्यवस्था ठेकेदार, उपभोक्ता समिति, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थासँग गरिने सम्झौतामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्दछ । तर आयोजनाको प्रारम्भमा र किस्ता निकास पूर्व सार्वजनिक परीक्षण गराउन यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

**ख) सार्वजनिक परीक्षणको वर्गीकरण:** योजना तथा कार्यक्रममा भएको लगानी तथा योजना तथा कार्यक्रम कार्यान्वयन प्रक्रिया र लगानीको आधारमा सार्वजनिक परीक्षणलाई दुई वर्गमा विभाजन गरिएको छ । दश लाख रुपैयाँ भन्दा कम रकम लगानी हुने योजनाहरुको हकमा सामुदायिक (समुदाय स्तरमा) परीक्षण र दश लाख रूपैयाँभन्दा बढी रकम लगानी हुने योजनाहरुको हकमा सार्वजनिक परिक्षण गर्नुपर्नेछ ।

**ग) आयोजना, कार्याक्रम तथा दातृ निकायहरुबाट सञ्चालन हुने योजनाको सार्वजनिक परीक्षण:** यस कार्यविधिमा अन्यत्र जे सुकै उल्लेख भएमा पनि दातृ निकायको सहयोगमा सञ्चालित आयोजना वा कार्यक्रम वा योजनाको सार्वजनिक परिक्षण वा सामुदायिक परीक्षण उक्त आयोजना वा कार्यक्रमले गरेको व्यवस्था अनुसार हुनेछ ।

## परिच्छेद - ३

## सामुदायिक परीक्षण सम्बन्धी व्यवस्था

**५. सामुदायिक परीक्षण गर्नुपर्ने:** सामुदाय (उपभोक्ता समिति, गैर सरकारी संस्था, टोल विकास संस्था र समुदायिक संस्था) मार्फत सञ्चालन वा निर्माण भएका दश लाख भन्दा कम रकम लगानी भएका योजनाहरुको सामुदायिक परीक्षण बुँदा नं. ६ देखि ८ मा भएको व्यवस्था अनुसार गर्नु पर्नेछ । दश लाख भन्दा कम रकमको लगानी हुने योजनाको सामुदायिक परीक्षणको लागि सहजकर्ताले अनुसूची २ मा दिइएको ढाँचा प्रयोग गर्नुपर्नेछ ।

**६. सामुदायिक परीक्षणको सूचना:** योजना कार्यान्वयन गर्ने निकाय (उपभोक्ता समिति, गैसस, टोल विकास समिति, नागरिक समाजका संस्था, स्थानीय सेवा प्रदायक सामुदायिक संस्था) ले कम्तीमा सात दिन अगावै सामुदायिक परीक्षण हुने मिति, समय र स्थान खोली समुदायमा बुझाउनु पर्नेछ।

**७. योजना सम्बन्धी विवरण तयारी:** सामुदयिक परीक्षण कार्यक्रममा योजना तथा कार्यक्रम सञ्चालन गर्ने निकायले सम्पन्न योजना सम्बन्धी विवरण अनुसूची - १ को ढाँचामा तयार गर्नुपर्नेछ। यसरी तयार गरेको विवरण समुदाय भेलामा प्रस्तुत गरी सोको एक प्रति सम्बन्धित गाउँपालिकामा बुझाउनु पर्नेछ ।

**८. सामुदायिक परीक्षण भेला सञ्चालन विधि**

क) सामुदायिक परीक्षण कार्यक्रम शुरु गर्नुभन्दा पहिले उपस्थिति पुस्तिका खडा गरी कार्यक्रममा उपस्थित भएका समुदायका सदस्यहरुको उपस्थिति गराउनु पर्नेछ । कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कार्यक्रम तालिका अग्रिम रुपमा तयार गर्नु पर्नेछ । सहजताको लागि नमूना कार्यतालिका अनुसूची ७ मा दिईएको छ ।

ख) सामुदायिक परीक्षण कार्यक्रममा योजना कार्यान्वयन गर्ने निकायको पदाधिकारी बाहेक कम्तीमा ५१ प्रतिशत प्रत्यक्ष लाभन्वित उपभोक्ता र आयोजना क्षेत्रको कुनै निर्वाचित पदाधिकारी समेत उपस्थित हुनुपर्नेछ ।

ग) योजना सञ्चालन गर्ने निकायले अनुसूची - १ बमोजिमको सम्पन्न योजनाको पूर्ण विवरण भेलामा प्रस्तुत गर्नुपर्नेछ ।

घ) योजना सञ्चालन गर्ने निकायबाट विवरण प्रस्तुत भैसकेपछि सहभागीले समुदायका सदस्यहरुलाई आफ्नो विचार राख्ने अवसर दिनु पर्नेछ । सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझाव माथि योजना सञ्चालन गर्ने निकायले थप स्पष्ट पार्न वा जवाफ दिनु पर्नेछ ।

ङ) योजना तथा कार्यक्रम सञ्चालन गर्ने निकायबाट कुनै सदस्य वा भेलाले छानेको सहजकर्ताले सहभागीहरुबाट आएका प्रतिक्रिया तथा सुझावहरु उपस्थिति पुस्तिकामा लिपिवद्ध गर्नु पर्नेछ ।

भेलामा कुनै निर्णय भएमा सोको निर्णय समेत सोही पुस्तिकामा लिपिबद्ध गरिनेछ । सहजकर्ताले सहजीकरण गर्न आफ्नो प्रयोजनको लागि अनुसूची ८ मा दिइएको चेकलिष्ट प्रयोग गर्न सक्नेछ।

च) कार्यक्रमको अन्त्यमा सामुदायिक परीक्षणको क्रममा उपस्थित पुस्तिकामा लिपिबद्ध गरिएका प्रतिक्रिया, सुझाव तथा निर्णयहरु सहभागीहरुलाई सुनाई उपस्थित गाउँपालिकाका प्रतिनिधिहरु र जनसमुदायले तोकेको एक जना प्रतिनिधिबाट प्रमाणित गराउनु पर्नेछ। यसरी प्रमाणित गरिएको टिपोटको प्रतिलिपि योजना कार्यान्वयन गर्ने निकायले योजना फरफारकको लागि गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ४

## सार्वजनिक परीक्षण सम्बन्धी व्यवस्था

९. **सार्वजनिक परीक्षण गर्नुपर्ने:** समुदाय (उपभोक्ता समिति, गैर सरकारी संस्था, टोल विकास संस्था र सामुदायिक संस्था) मार्फत सञ्चालन भएका दश लाखभन्दा बढी रकम लगानी भएका योजनाहरुको सार्वजनिक परीक्षण बुँदा नं. १० देखि १३ सम्म र ठेकेदार मार्फत सञ्चालन भएका योजनाहरुको सार्वाजनिक परीक्षण बुँदा नं. १४ र १५ मा भएको व्यवस्था अनुसार गर्नुपर्नेछ ।

१०. **दश लाख भन्दा बढी रकम लगानी भएका समुदाय मार्फत सञ्चालित योजनाहरुको सार्वजनिक परीक्षण:** समुदाय (उपभोक्ता समिति, गैर सरकारी संस्था, टोल विकास संस्था र सामुदायिक संस्था) मार्फत सञ्चालन भएका दश लाख रुपैया भन्दा बढी रकम लगानी भएका योजनाहरुकव सार्वजनिक परीक्षणको कार्यसम्पादन गरी प्रतिवेदन पेश गर्न सम्बन्धित योजनामा प्रत्यक्ष संलग्न नभएको प्राविधिक वा दक्ष कर्मचारीलाई सहजकर्ताको रुपमा गाउँपालिकाले खटाउनु पर्नेछ ।

११. **सार्वजनिक परीक्षणको सूचना:** सार्वजनिक परीक्षणको लागि योजना कार्यान्वयन गर्ने निकाय (उपभोक्ता समिति, गैर सरकारी संस्था, टोल विकास समिति, सामुदायिक संस्था) ले कम्तीमा सात दिन अगावै छलफल हुने मिति, समय र स्थान खोली गाउँपालिकाले तोकिदिएको सहजकर्ता र सम्बन्धित उपभोक्ताहरुलाई सूचना दिनु पर्नेछ ।

१२. **विषयवस्तु तयारी:** सार्वजनिक परीक्षण कार्यक्रममा एकरुपता ल्याउन योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति/गैसस/सामुदायिक संस्था/टोल विकास संस्थाले सम्बन्धित उपभोक्ताहरुलाई जानकारी गराउन अनुसूची -१ बमोजिम योजनाको पूर्ण विवरण तयार गर्नुपर्नेछ ।

१३. **सार्वजनिक परीक्षण कार्याक्रम सञ्चालन विधि:**

क) सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित उपभोक्ता समिति/गैसस/सामुदयिक संस्था/ टोल विकास संस्थाका पदधिकारी, गाउँपालिकाबाट खटाइएका कर्मचारी, सहजकर्ता तथा उपभोक्ताहरुको उपस्थित पुस्तिका खडा गरी नाम, थर ठेगाना तथा संस्थाको प्रतिनिधि भए नाम र पद समेत उपस्थित जनाउनु पर्नेछ ।

ख) सार्वजनिक परीक्षण कार्यक्रममा उपभोक्ता समितिका पदाधिकारी, प्रत्यक्ष लाभान्वित उपभोक्ता र योजना क्षेत्रका कुनै निर्वाचित पदाधिकारी समेत उपस्थित हुनु पर्नेछ । उपस्थितिको लागि सार्वजनिक परीक्षण हुने मिति, समय, स्थानबारे सूचना दिनुपर्नेछ ।

ग) सार्वजनिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम सञ्चालन विधि, समय र आचार संहिताबारे गाउँपालिकाबाट खटाइएको सहजकर्ताले कार्यक्रमका सहभागीहरुलाई जानकारी गराउनु पर्नेछ ।

घ) योजना सञ्चालन गर्ने निकायले अनुसूची-१ बमोजिमको योजनाको पूर्व विवरण कार्यक्रममा प्रस्तुत गर्नु पर्नेछ । सोको लागि योजना खातालाई समेत प्रयोगमा ल्याउन सकिनेछ ।

ङ) योजना सञ्चालन गर्ने निकायकोतर्फबाट विवरण प्रस्तुत भएपछि गाउँपालिकाबाट खटाइएको सहजकर्ताले पूर्व तयार गरिएका प्रश्नहरु राखी खुला छलफलको माध्यमबाट सहभागीहरुको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नु पर्नेछ । सहजकर्ताले अनुसूची ८ मा दिएको चेकलिष्टको आधारमा छलफलको सहजीकरण गर्नुपर्नेछ ।

च) सहभागीहरुले कार्यक्रममा प्रस्तुत गरेका विचारहरुलाई सहजकर्ताले टिपोट गरी राख्नु पर्नेछ । सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझावमा योजना सञ्चालन गर्ने निकायले थप स्पष्ट पार्नु पर्नेछ।

छ) गाउँपालिकाले खटाएको सहजकर्ताले सार्वजनिक परीक्षणको क्रममा प्राप्त गुनासो, प्रतिक्रिया तथा सुझावहरुको आधारमा स्थलगत अध्ययन समेत गरी वस्तुस्थिति सहित अनुसूची २ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्नेछ ।त्यस्तो प्रतिवेदन सहजकर्ताले सम्बन्धित गाउँपालिका कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

१४. **ठेक्का मार्फत सञ्चालन भएका योजनाहरुको सार्वनिक परीक्षण:** ठेक्का मार्फत सञ्चालित योजनाहरुको सार्वजनिक परीक्षण गर्ने जिम्मेवारी तोकिएको प्राविधिक कर्मचारीको हुनेछ।

१५. **ठेक्का मार्फत सञ्चालन भएका योजनाहरुको सार्वनिक परीक्षण विधि:** ठेक्का मार्फत सञ्चालन भएका योजनाहरुको हकमा सार्वजनिक परीक्षण देहाय बमोजिम गर्नु पर्नेछ :

क) ठेक्काबाट सञ्चालित योजनाहरुको सार्वजनिक परीक्षण हुने मिति, स्थान र समय तोक्ने कार्यमा तोकिएको प्राविधिक र ठेकेदारले समन्वय गरी सार्वजनिक परीक्षण हुनुभन्दा कम्तीमा सात दिन अगावै योजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरुलाई सूचना दिनु पर्नेछ ।

ख) सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित उपभोक्ताहरुको उपस्थिति पुस्तिका खडा गरी नाम, थर, ठेगाना र संस्था भएमा नाम, पद सहित उपस्थिति जनाउनु पर्नेछ ।

ग) सार्वजनिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम सञ्चालन  विधि, समय र आचार संहिता बारे गाउँपालिकाबाट खटाएको प्राविधिक कर्मचारीले कार्यक्रमका सहभागीहरुलाई जानकारी गराउनु पर्नेछ ।

घ) योजना सञ्चालन  गर्ने ठेकेदारले अनुसूची - ३ बमोजिमको योजनाको विवरण कार्यक्रममा प्रस्तुत गर्नु पर्नेछ ।

ङ) ठेकेदारकोतर्फबाट विवरण प्रस्तुत भएपछि खटिएको प्राविधिक कर्मचारीले निम्न प्रश्नहरु राखी खुला छलफलको माध्यमबाट सहभागीहरुको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नु पर्नेछ ।

- ❖ योजना सञ्चालन गर्ने निकायले प्रस्तुत गरे अनुसारको योजना सम्पन्नको स्थिति
- ❖ योजना उल्लेख गरेको समयमा शुरु तथा सम्पन्न भए नभएको
- ❖ योजना कार्यान्वयन प्रारम्भ अघि पर्याप्त जानकारी भए नभएको
- ❖ काम गर्ने मानिसहरुले ज्याला पाएका नपाएका
- ❖ योजनामा प्रयोग भएका सामग्रीहरुको गुणस्तर भए नभएको
- ❖ गाउँपालिका कार्यालय, वडा कार्यालय तथा अनुगमनकर्ता निकायबाट समय समयमा निरीक्षण भए नभएको
- ❖ निरीक्षण पश्चात् प्राप्त सुझावहरु कार्यन्वयन भए नभएको
- ❖ प्राविधिकहरुबाट समयमै सुझाव र सल्लाह प्राप्त भए नभएको
- ❖ दिइएका सल्लाह र सुझावहरु उपयुक्त भए नभएको

यी मुख्य प्रश्नहरु बाहेक प्राविधिक सहजकर्ताले अनुसूची ८ मा दिइएको चेकलिष्टको आधारमा छलफलको सहजीकरण गर्नुपर्नेछ ।

च) सहभागीहरुले कार्यक्रममा प्रस्तुत गरेका विचारहरुलाई जाँचबुझ गर्न तोकेको प्राविधिक र ठेकेदारले नाम सहित टिपोट गर्नु पर्नेछ । सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझावमाथि थप स्पष्ट पार्नु पर्नेछ ।

छ) गाउँपालिकाले खटाएको प्रविधिकले सार्वजनिक परीक्षणको क्रममा प्राप्त गुनासो, प्रतिक्रिया तथा सुझावहरुको आधारमा स्थलगत अध्ययन समेत गरी वस्तुस्थिति सहितको प्रतिवेदन अनुसूची - ४ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ । त्यस्तो प्रतिवेदन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

**१६. सहयोग लिन सक्नेः** गाउँपालिकाले सार्वजनिक परीक्षणको लागि स्थानीय तहमा कार्यरत सामुदायिक संस्था वा गैर सरकारी संस्था वा अन्य सघं संस्थाको सहयोग लिन सक्नेछ । वडा कार्यालय तथा अन्य समूह संयन्त्रहरुले आफ्नो वडाभित्र कार्यान्वयन हुने योजनाहरुको सार्वजनिक परीक्षणको सहजीकरण गर्नुपर्नेछ ।

**१७. सूचना पाटी राख्ने:** सार्वजनिक निकायको सहयोगमा उपभोक्ता समिति/ गसैस/ सामुदायिक संस्था / टोल विकास संस्था/ वडा नागरिक मञ्चले दुई लाख रुपैयाँभन्दा बढी लागतको योजना सञ्चालन गर्दा अनिवार्य रुपमा योजनाको विवरण सहितको सूचना पाटी तयार गरी योजना स्थलमा राख्नु पर्नेछ । सूचना पनटीको ढाँचा अनुसूची - ५ मा दिइएको छ ।

**१८. आचार संहिता:** सार्वजनिक परीक्षण कार्याक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरुले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ:

क) विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।

ख) निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।

ग) सहभागीहरुले व्यक्त गरेको विचारमा प्रतिबाद नगर्ने, प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रुपमा लिने ।

घ) व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।

ङ) सहभागीहरुलाई विचार राख्न प्रोत्साहन गर्ने र विचार राखे वापत धन्यवाद दिने ।

च) सहजकर्ताले बोल्ने समय दिएपछि मात्र सहभागीहरुले आफ्ना कुराहरु राख्ने ।

छ) बोल्दा पालैपालो बोल्ने समय र एउटा व्यक्तिले एक पटक मात्र बोल्ने । सार्वजनिक परीक्षण कार्यकमलाई प्रभावकारी बनाउन व्यवस्थित कार्यतालिका तयार गरी छलफल सञ्चालन गर्नु पर्नेछ । सहजकर्ताले छलफललाई विषयमा केन्द्रित गरी व्यवस्थित रुपमा सञ्चालन गर्न अनुसूची ७ मा दिइएको नमूना कार्यक्रम तालिका प्रयोग गर्नु पर्नेछ ।

**१९. सार्वजनिक परीक्षणको आधारमा प्राप्त विचारलाई सूचनाको रुपमा लिने:** सार्वजनिक परीक्षण योजना सञ्चालनमा जनसहभागिता वृद्धि गर्न तथा जनताहरुबाट सुझाव तथा प्रतिक्रिया लिने उद्देश्यले सञ्चालन हुने हुनाले सार्वजनिक परीक्षणको क्रममा सहभागीहरुको व्यक्त गरेका विचारलाई सूचनाको रुपमा ग्रहण गरिनेछ ।

**२०. सार्वजनिक परीक्षणमा प्रस्तुत गर्नुपर्ने कागजातहरु:** सार्वजनिक परीक्षणमा खटिएका सहजकर्ताले योजना सञ्चालन गर्ने निकायका निम्न कागजातहरु प्रस्तुत गर्नुपर्नेछ ।

क) योजना सञ्चालन सम्झौता र लागत अनुमान, ड्रइङ, डिजाइन, योजनाको प्रारुप इत्यादी

ख) उपभोक्ता समिति/ गैसस/सामुदायिक संस्था/ समूहको निर्णय पुस्तिका

ग) नापी किताब

घ) बिल भरपाई

ङ) पत्राचार सम्बन्धी कागजात

च) बैंक विवरण

छ) योजना खाता

## परिच्छेद - ५
## प्रतिवेदन कार्यान्वयन

२१.गाउँपालिकाको सहयोगमा सञ्चालित योजनाहरुको सार्वजनिक परीक्षणको प्रतिवेदन गाउँपालिकाको प्रमुख प्रशाकीय अधिकृत समक्ष पेश हुनेछ ।

२२. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सार्वजनिक परीक्षण प्रतिवेदनहरु सङ्कलन गरी मासिक रुपमा गाउँपालिकाको कार्यपालिका बैठकमा प्रस्तुत गर्नुपर्नेछ ।

२३. सार्वजनिक परिक्षण प्रतिवेदनले औंल्याएका कमी कमजोरीहरु भविष्यमा नदोहोरिने गरी सुधार गर्न गाउँपालिकाले नीतिगत निर्णय गर्न सक्नेछ । यसका लागि सार्वजनिक परिक्षण प्रतिवेदन, परिषद बैठकमा पेश गर्न अनिवार्य हुनेछ ।

## परिच्छेद- ६
## विविध

२४. **अभिमुखिकरण सम्बन्धी व्यवस्था:** गाउँपालिकाले यो कार्यविधि लागू गरेपछि पदाधिकारी, कर्मचारी तथा मुख्य सरोकारवालालाई एक दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । अभिमुखिकरण कार्यक्रममा प्रस्तुत गर्ने विषयको ढाँचा अनुसूची - ६ मा दिइएकोछ ।

२५. **थपघट र हेरफेर:** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनरसार ब्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

२६. **बचाउ:** (१) साविकको स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेका मानिने छ । यस कार्यविधिमा भएका कुनै प्रावधानहरु प्रचलित ऐन, नियमसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

## अनुसूची - १
**(कार्यविधिको बुँदा (७), (१२) तथा बुँदा (८) को उपबुँदा (घ) सँग सम्बन्धित)**

**सार्वजनिक परीक्षण / सामुदायिक परीक्षणका उपभोक्ता समिति वा सामुदायिक संस्थाले तयार गर्ने आयोजना सम्बन्धी विवरणको ढाँचा**

१ आयोजनाको विवरणः

- नाम......................................
- स्थान....................................
- पहिलो किस्ता रकम...........................प्राप्त मिति..........................
- लागत रकम.................................
- शुरु हुने वा भएको मिति........................
- सम्पन्न हुने वा भएको मिति.....................

२ उपभोक्ता समिति/ गैसस / टोल विकास संस्था/ सामुदायिक संस्थाको

- नाम.........................
- अध्यक्षको नाम...................
- सदस्य संख्या............. महिला संख्या..................पुरुष संख्या.........

३ आम्दानी खर्चको विवरण:

क) अम्दानीतर्फ

| आम्दानीको स्रोत (कहाँबाट नगद वा जिन्सी प्राप्त भयो स्रोत खुलाउने) | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

ख) खर्चतर्फ

| खर्चको विवरण | दर | परिमाण | जम्मा रकम |
|---|---|---|---|
| १.सामग्री (के-के सामग्री खरिद भए?) | | | |
| | | | |
| | | | |
| २.ज्याला (के वापत कति ज्याला भुक्तानी भयो ? ) | | | |
| | | | |
| ३.श्रमदान (कति जनाले कुन काममा श्रमदान गरे ?) | | | |

| | | | |
|---|---|---|---|
| को विवरण | | | |
| | | | |
| ४.व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च) | | | |
| | | | |
| | | | |

ग) मौज्दात

| कामको विवरण | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

घ) भुक्तानी दिन बाँकी

| कमको विवरण | लक्ष्य | प्रगति | पुष्ट्याँइको आधार |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

५. योजनाले पुर्‍याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (योजना सञ्चालन भएको स्थानका उपभोक्ताहरु):

६. आयोजना सञ्चालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (क-कसले के कस्तो कामको जिम्मेवारी लिएका थिए ?) खुलाउने:

७. आयोजना सञ्चालनको क्रममा सम्वन्धित निकायले गरेको अनुगमन पटक:

क) अनुगमन तथा सहजीकरण समितिले अनुगमन गरेको पटक:

ख) दिएको सुझावहरु:

ग) कार्यान्वयनमा भएका सुझावहरु:

८. कार्यक्रम सञ्चालनको क्रममा भोगेका समस्याहरु (बुँदागत रुपमा लेख्ने):

९. कार्यक्रम सञ्चालनको क्रममा भएको राम्रो सिकाइ (बुँदागत रुपमा लेख्ने):

१०. सम्पन योजनालाई दिगो रुपमा सञ्चालन गर्न भविष्यको योजना के छ ? (बुँदागत रुपमा लेख्ने):

११. समितिको सुझाव अन्य केही भए (बुँदागत रुपमा लेख्ने):)

१२. उपभोक्ता समिति/ सामुदायिक संस्थाका पदाधिकारी तथा सदस्यहरुको दस्तखत:

| | | |
|---|---|---|
| ...................... | .................. | .................... |
| नाम: | नाम: | नाम: |
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |

अनुगमन तथा सहजीकरण समितिका पदधिकारी कम्तिमा ३ जनाको हस्ताक्षर:-

१३. विवरण तयार मिति:

# अनुसूची-२

## (कार्यविधिको बुँदा (५) सँग सम्बन्धित)

## सार्वजनिक/सामुदयिक परीक्षण प्रतिवेदनको ढाँचा

रुकुम पूर्व जिल्ला भूमे गाउँपालिका वडा नं. ...................

१ योजनाको

क) नाम:

ख) स्थल:

ग) लागत अनुमान:

घ) योजना शुरु भएको मिति:

ङ) योजना सम्पन्न मिति:

च) योजनाको अवस्था: सम्पन्न अधुरो बिग्रिएको

२ उपभोक्ता समिति र गैसस र समुदायिक संस्थाको

क) नाम:

ख) अध्यक्षको नाम:

ग) सदस्य संख्या: महिला......पुरुष........

३ सार्वजनिक परीक्षण भएको

क) मिति:

ख) स्थान:

ग) समय:

४ उपस्थिति: (उपस्थितिको छायाँप्रति संलग्न गर्नु पर्ने)

| नाम | ठेगाना | पद |
|---|---|---|
| | | |
| | | |

५ योजनाको लक्ष्य तथा प्रगति विवरण

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |
| | | |

६ उपभोक्ता समिति/ गैसस/ सामुदायिक संस्थाले पेश गरेको आम्दानी खर्चको विवरण:

| आम्दानी तर्फ | |
|---|---|
| विवरण | रकम रु. |
| सहयोगी संस्थाबाट निकास | |
| सामग्री | |
| | |
| जनसहभगिता | |
| श्रमदान | |
| | |

| खर्चको विवरण | | | |
|---|---|---|---|
| **अनुदानतर्फ** | | **श्रमदानतर्फ** | |
| **विवरण** | **रकम रु.** | **विवरण** | **रकम रु.** |
| क. निर्माण सामग्री | | क. निर्माण सामग्री | |
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| ख. कामदार | | ख. कमदार | |
| | | | |
| | | | |
| ग. ढुवानी | | ग. ढुवानी | |
| | | | |
| | | | |
| घ. मेसिनरी औजार | | घ. मेसिनरी औजार | |
| | | | |
| | | | |
| जम्मा | | जम्मा | |

७ उपभोक्ता समिति र सामुदायिक संस्थाले पेश गरेको विवरण माथि सार्वजनिक परीक्षणमा उपस्थित व्यक्तिहरुको प्रतिक्रिया तथा सुझाव:

| क्र.सं | सुझावकर्ताको नाम थर | सुझावको क्षेत्र, प्रतिक्रिया तथा सुझावको सारसंक्षेप | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

उपर्युक्त खर्च विवरण उपभोक्ता समितिले पेश गरेको विवरण सँग मेल खान्छ वा खादैन मेल नखाने भएमा कैफियत जनाउने:

८ जानकारीका लागि सो विवरण सवै सरोकारवालाहरुलाई सूचित गर्न सार्वजनिक स्थलको सूचना पाटी टाँस भए/ नभएको

| | | |
|---|---|---|
| ..................... | ................. | ..................... |
| नाम: | नाम: | नाम: |
| सहजकर्ता/ प्राविधिक | उपभोक्ता समितिको अध्यक्ष | गाउँपालिकाको पदाधिकारी |

प्रतिवेदन बुझाएको मिति:

**अनुसूची - ३**

**(कार्यविधिको बुँदा (१३) उपबुँदा (छ) सँग सम्बन्धित)**

**सार्वजनिक परीक्षणको लागि ठेकेदारले तयार गर्ने विवरणको ढाँचा**

१ योजनाको

क) नाम:

ख) स्थल:

ग) ठेक्का अङ्क:

घ) योजना शुरु भएको मिति:

ङ) योजना सम्पन्न मिति:

२ निर्माण व्यवसायीको:

क) फर्मको नामः

ख) प्रोप्राइटरको नामः

३ सम्पन्न योजनाको लक्ष तथा प्रगति विवरणः

| कामको विवरण (मुख्य मुख्य कार्यहरु खुलाउने) | लागत अनुमान | यथार्थ |
|---|---|---|
| | | |
| | | |

४ योजनाले पुर्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (योजना सञ्चालन भएका) स्थानका उपभोक्ताहरुः

५ योजना सञ्चालन को क्रममा सम्वन्धित निकायले गरेको अनुगमन पटकः

६ कार्यक्रम सञ्चालन को क्रममा भोगको समस्याहरु (बुँदागत रुपमा लेख्ने):

७ सम्पन्न योजनालाई दिगो रुपमा सञ्चालन गर्न के गर्न आवश्यक छ ? (बुँदागत रुपमा लेख्ने) :

.........................

ठेकेदार वा प्रतिनिधिको दस्तखतः

नामः

निर्माण व्यवसायको नामः

विवरण पेश गरेको मितिः

## अनुसूची -४
## (कार्यविधिको बुँदा (१५) उपबुँदा (छ) सँग सम्बन्धित)
## ठेक्काबाट  सम्पन्न आयोजनाको सार्बजनाको सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा

क) योजनाको

अ) स्थल:

आ) ठेक्का अङ्कः

इ) योजना शुरु भएको मितिः

ई) योजना सम्पन्न मितिः

ख) निर्माण व्यवसायीकोः

अ) फर्मको नाम:

आ) प्रोप्राइटरको नामः

ग) सार्वजनिक परीक्षण भएको

अ) मितिः

आ) स्थानः

इ) समयः

घ) उपस्थिति:

| नाम | ठेगाना | पद |
|---|---|---|
| | | |
| | | |

ङ) योजनाको लक्ष तथा प्रगति विवरण:

| कामको विवरण (मुख्य मुख्य कार्यहरु खुलाउने) | लागत अनुमान अनुसार | यथार्थ |
|---|---|---|
| | | |
| | | |

च) ठेकेदारले पेश गरेको विवरण माथि सार्वजनिक परीक्षणमा उपस्थित ब्यक्तिहरुको प्रतिक्रिया तथा सुझाव:

| क.सं | सुझावकर्ताको नाम, थर | स्झावको क्षेत्र | प्रतिक्रिया तथा सुझावको सारसंक्षेप | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

छ) सहभागीबाट आएका विचार तथा अवलोकनबाट देखिएका तथ्यहरु विश्लेषण गरी तयार गर्नेः

| ......................... | .......................... | .................... |
|---|---|---|
| नामः | नामः | नामः |
| सहजकर्ता/ प्राविधिक | ठेकेदार | निर्वाचित पदाधिकारी/प्रतिनिधि |

प्रतिवेदन बुझाएको मितिः

## अनुसूची - ५
**(कार्यविधिको बुँदा (२१) सँग सम्बन्धित)**
**योजनाको सूचनापाटीको ढाँचा**

| भूमे गाउँपालिका | |
|---|---|
| **१. आयोजनाको नामः** | **४. योजनाको कुल लागत रकम रुः** |
| **२. आयोजना संचालन गर्ने कार्यालय/कार्यक्रमको नामः** *भूमे गाउँपालिका* | **४.१. भूमे गाउँपालिकाबाट रुः** |
| **३. उपभोक्ता समितिको नामः** | **४.२. जनसहभागिताबाट रुः** |
| **४. उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नं.:** | **४.३. अन्यबाट रुः** |
| **४.१ जम्मा सदस्य संख्याः** | **४.४. आयोजनामा लगानी गर्ने अन्य निकायको नाम र व्यहोर्ने लागत रकम रुः** |
| **४.२ महिला सदस्य संख्याः** | **४.५. प्राविधिक सहयोगः** भूमे गाउँ कार्यपालिकाको कार्यालय, रुकुम (पूर्व) |
| **४.३ आयोजनाबाट लाभान्वित जनसंख्याः** | **४.६ जिन्सी सहयोगः** |
| **५. आयोजना सम्झौता मितिः** | **६. आयोजना सम्पन्न गर्ने मितिः** |
| *उपर्युक्त नमूना अनुसारको सूचना पाटी आयोजना स्थलमा सबैले स्पष्ट देख्ने गरी राख्नुपर्नेछ ।* | |

## अनुसूची - ६
**(कार्यविधिको बुँदा (२६) सँग सम्बन्धित)**

## सार्वजनिक परीक्षण अभिमुखिकरण कार्यक्रममा प्रस्तुत गर्ने विष्यवस्तुः

१ परिभाषाः

**क) वित्तीय लेखापरीक्षण :** यसले संस्थाको वित्तीय कारोबारको लेखाजोखा तथा पुष्टि गर्दछ। जसमा स्वीकृति प्राप्त स्वतन्त्र लेखापरीक्षकहरुबाट वित्तीय कारोबारको लेखा र त्यसको जाँच गरी वित्तीय कारोबारको अन्तिम प्रतिवेदन दिने कार्य हुन्छ । यसभित्र आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण समावेश हुन्छन् ।

**ख) सार्वजनिक परीक्षण :** सर्वजनिक निकायहरुले आफनो क्षेत्रभित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्यक्रमहरुको कार्यान्वयन सुनिश्चित गरी सम्पादन हुने वा सम्पादित कामको परिमाण, लागत, गुणस्तर समेतको लेखाजोखा गर्न स्थानीय उपभोक्ता तथा सरोकारवालाहरुको सहभागितामा सार्वजनिक परीक्षण गर्दछ । सार्वजनिक परीक्षणको प्रक्रियाले सञ्चालित योजनाको उद्देश्य प्राप्तिमा मात्र सहयोग पुर्याउने नभई योजनाका सकारात्मक र सुधार गर्नुपर्ने पक्षका प्राप्त अनुभव र दृष्टान्तहरुलाई विश्लेषण गरी निर्णय प्रक्रियाका तहमा पृष्ठपोषण गर्दछ । सञ्चालित योजना तथा कार्यक्रमहरु निर्धारित समय र कार्यतालिका अनुरुप कार्यान्वयन भए, भएन ? त्यसमा के कति र कसबाट लगानी भएको छ ? के मा कति खर्च भयो ? कामको गुणस्तर कस्तो छ ? खर्च प्रक्रिया तथा विवरण ठीक छन् वा छैनन् ? के कस्ता सुधार कार्य उपयोगी हुन्छ आदि पक्षबारे सरोकारवालासँग गरिने छलफल, अन्तरक्रिया, विश्लेषण र सूचनाको आदानप्रदानले स्थानीय स्तरमा गरिने विकासका कार्यक्रमहरुलाई पारदर्शी, उत्तरदायी र जनमुखी तुल्याउने मात्र होइन स्थानीय उपभोक्ताहरुलाई आफना भावना व्यक्त गर्न सक्षम बनाउँदछ । सार्वजनिक परीक्षण सामाजिका सशक्तिकरण, सामुदायिक सहभागिता तथा नागरिक निगरानीको निम्ति आवश्यक व्यवस्थापकीय औजार पनि हो । सार्वजनिक परीक्षण, योजना सञ्चालन मा जनसहभागिता वृद्धि गर्न तथा जनताहरुबाट सुझाव तथा प्रतिक्रिया लिने उद्देश्यले सञ्चालन हुन्छ, त्यसैले सार्वजनिक परीक्षणमा सहभागीहरुबाट व्यक्त भएका विचारहरु भविष्यको नीति निर्माणको लागि आधार हुन सक्दछ । योजना फरफारक गर्ने काम स्थानीय सरकार सञ्चालन ऐन र नियमावलीमा व्यवस्था भएका आधारहरु तथा पेश भएका प्रमाणको आधारमा गर्नु पर्नेछ । योजना फरफारकको क्रममा सार्वजनिक परीक्षणका बखत व्यक्त विचारलाई आधार लिई फरफारक गर्ने नगर्ने भन्ने निर्णय गर्नु हुँदैन ।

**२ सार्वजनिक परीक्षणको क्षेत्र**

**क) आन्तरिक रुपमा सञ्चालन हुने :** सर्वजनिक परीक्षण कार्य गाउँपालिकाले आन्तरिक रुपमा सम्पादन गर्दछ । यसले सञ्चालित योजनाको गुणस्तरमा सुधार ल्याउँछ तथा कार्यान्वयन गर्ने निकायको आन्तरिक व्यवस्थापनतर्फ सुधारका लागि सुझाव लिन तथा प्राप्त सुझावलाई कार्यान्वयन गर्ने उद्देश्यले सञ्चालन गरिन्छ । यो आम उपभोक्ताहरुबाट सञ्चालित योजनाको प्रारम्भिक जाँचपास पनि हो।

**ख) उद्देश्य अनुरुप लगानी भए नभएको जाँच तथा सुधार :** सार्वजनिक परीक्षण कार्यमा उपभोक्ता वर्गलाई स्वयम् संलग्न गराई सहभागितामूलक र पारदर्शी ढंगले भए गरेका कार्यहरुको विवेचना गर्ने, लेखाजोखा गर्ने, सबल र दुर्बल पक्षहरुको विश्लेषण गरी आगामी दिनहरुमा गर्नुपर्ने सुधारात्मक कार्यको पहिचान गरिन्छ । यसबाट संलग्न सरोकारवालाहरुले सम्पन्न भैसकेका कार्यक्रमबाट सिकेका नयाँ सिकाइ/ पाठ आदान प्रदान गरी थप सुधारात्मक उपायहरुको पहिचान गरिन्छ ।

**ग) सरोकारवाला पक्षहरुको सहभागिता र खुल्ला छलफल :** सार्वजनिक परीक्षण कार्य मुख्यतः उपभोक्ताहरुको चाहना तथा प्रतिक्रिया बुझ्न सञ्चालन गरिन्छ । सार्वजनिक परीक्षणमा सबै उपभोक्ता तथा योजनाका सरोकारवाला पक्षहरुको प्रतिनिधित्व गराई उपभोक्तालाई लागेका कुराहरु बोल्न स्वतन्त्रता दिइन्छ ।

**३ सार्वजनिक परीक्षणको उद्देश्य :**

क) योजनाको आम्दानी खर्च तथा अन्य विवरणहरु आम उपभोक्ताहरु समक्ष राखी उपभोक्ताहरुको प्रतिक्रिया लिने ।

ख) कार्यक्रमप्रति जनचासो वृद्धि गरी सम्बन्धित सरोकारवालहरुको सहभागिता वृद्धि गर्ने।

ग) निर्णय प्रक्रियामा प्रजातान्त्रिक प्रक्रिया र पारदर्शी व्यबहार अवलम्बन गर्न गराउन सजग गराउने ।

घ) कार्यक्रममा हुन सक्ने अनियमितता नियन्त्रण गर्ने र कुनै अनियमितता भएको पाइएमा नियन्त्रण गर्न उपभोक्ताहरुलाई जिम्मेवार बनाउने ।

ङ) योजनामा आम उपभोक्ताहरुको स्वामित्व भाव स्थापित गर्ने ।

**४ सार्वजनिक परीक्षण पद्धति:** ( कार्यविधिमा व्यवस्था भएका विधिको ब्याख्या गर्न)

**५ सार्वजनिक परीक्षणमा ध्यान दिनुपर्ने कुराहरु :**

**क)** आम उपभोक्ता भेला भए, नभएको

**ख)** महिला, दलित र पिछडिएको वर्गको उचित प्रतिनिधित्व भए, नभएको

**ग)** कार्यक्रमले समेट्ने क्षेत्रको समानुपातिक प्रतिनिधित्व भए, नभएको

**घ)** कार्यलय/ आयोजना/ कार्यक्रमको हालसम्मको कार्यान्वयन स्थिति जानकारी गराइएको, नगराइएको

**ङ)** कार्यालय/ आयोजना/ कार्यक्रमको भौतिक र वित्तीय प्रगति जानकारी गराइएको, नगराइएको

**च)** विगतका परीक्षणबाट औंल्याइएका सुझावहरुको कार्यन्वयन भए, नभएको

**छ)** अनुगमन सूचकहरु तयार गरिएको, नगरिएको

**ज)** अनुगमनबाट देखिएका कमजोरीहरुको सुधार गरिएको, नगरिएको

**झ)** सहभागीहरुलाई लागको कुराहरु बोल्न दिइएको, नदिइएको

**ञ)** सहभागीहरुका विचारलाई जस्ताको तस्तै प्रतिवेदनमा प्रस्तुत गरिए, नगरिएको

**९ फारामहरुको प्रयोगः** (अनुसूचीमा व्यवस्था भएका फारामहरुको ब्याख्या गर्ने)

**१० गाउँपालिकाले सार्वजनिक परीक्षण अभिमुखिकरण कार्यक्रममा संलग्न गराउनुपर्ने सहभागीहरु (अधिकतम ५० जना) :**

क) गाउँपालिकाका वर्तमान पदाधिकारीहरु

ख) भूतपूर्व अध्यक्ष तथा उपाध्यक्ष, पदाधिकारीहरु

ग) गाउँपालिकाको संस्थागत संरचना र शाखा प्रमुखहरु

घ) विकास योजनाको कार्यान्वयनसँग सम्बन्धित कर्मचारीहरु

ङ) विषयगत कार्यालयका प्रमुखहरु, गाउँपालिका/वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिका पदाधिकारीहरु

च) उद्योग वाणिज्य संघ, गैसस महासंघ, जस्ता पेशागत सघं संस्थाका प्रतिनिधिहरु

छ) राजनैतिक दलका प्रतिनिधिहरु

ज) वडा नागरिक मञ्चका प्रतिनिधिहरु, नसकेका प्रतिनिधिहरु (भएमा)

झ) महिला, लैङ्गिक समता, दलित, जनजाति, पिछडिएका वर्ग आदिको उत्थानमा कार्यरत संघसंस्थाका प्रतिनिधिहरु

ञ) कार्यरत प्रमुख गैससका प्रतिनिधिहरु

ट) प्रमुख करदाताहरु

ठ) कार्यरत सामुदायिक संस्थाका प्रतिनिधिहरु

ड) नागरिक समाजका प्रतिनिधिहरु

ढ) स्थानीय सेवा प्रदायक संस्थाका प्रतिनिधिहरु

## अनुसूची - ७

**(कार्यविधिको बुँदा (८) उपबुँदा (क), (ङ), तथा बुँदा (१३) उपबुँदा (ङ), सँग सम्बन्धित)**

**सहजकर्ताले सार्वजनिक परीक्षण गर्न प्रयोग गर्नुपर्ने कार्यक्रमको नमूना**

| कार्यक्रम | जिम्मेवारी | समयावधि |
|---|---|---|
| कार्यक्रम औपचारिक वा अनौपचारिक कसरी गर्ने (तय गर्ने) | | |
| भेलाको उद्देश्य बारे जानकारी गराउने | | |
| योजनाको स्थिति वा प्रगति बारे प्रस्तुतिकरण | | |
| योजनाको स्थिति बारे सहभागीको टिप्पणी | | |
| योजनाको आम्दानी खर्च विवरण प्रस्तुत गर्ने | | |
| आम्दनी खर्च उपर सहभागीको टिप्पणी लिने | | |
| भेलाको सुझाव लिपिवद्ध गर्ने | | |
| रेकर्ड गरिएको सुझाव तथा सहीछाप | | |

## अनुसूची - ८

**(कार्यविधिको बुँदा (१५) उप बुँदा (ङ) सँग सम्बन्धित)**

**सार्वजनिक परीक्षणका लागि सहजकर्ताले प्रयोग गर्नुपर्ने चेकलिष्ट**

**१ कार्यक्रमको स्वामित्व:**

क) योजना समुदायले वस्तीस्तर तथा वडा समितिमार्फत् माग गरे अनुसार छ छैन

ख) लाभान्वित घरधुरी संख्या

ग) लक्षित वर्ग समावेशी (दलित, जनजाति, महिला, गरीब, पिछडिएको वर्ग) को संख्या

घ) योजनाबाट हुने उपलब्धिका सूचकहरु प्रष्ट छन् छैनन्

ङ) लक्ष र उपलब्धि बीचको फरक

च) योजनाको दिगोपनमा लागि समुदायको सहभागिता तथा योगदान

छ) योजना समयमा सम्पन्न भयो वा भएन भएन भने कारणहरु

ज) योजना सञ्चालन  गर्न गठित उपभोक्ता समितिको गठन प्रक्रिया उपयुक्त भए नभएको ।

झ) उपभोक्ता समितिमा वास्तविक उपभोक्ताको प्रतिनिधित्व भए नभएको

**२ योजनाको व्यवस्थापन तथा लेखा प्रणाली**

क) जिम्मेवारी तालिका प्रष्ट रुपमा छ छैन तथा योजना सञ्चालन गर्ने निकायले प्रस्तुत गरे अनुसारको योजना सम्पन्न भए नभएको

ख) खरिद प्रक्रिया ऐन, नियम तथा निर्देशिका बमोजिम भयो भएन । प्रतिस्पर्धात्मक कोटेशन अनुसार नभएको भए कारण खुलाउने

ग) रु २००० भन्दा माथिको खरिदमा मूल्य अभिवृद्धिकरको बिल समावेश भए नभएको । विलहरुमा त्रुटिहरु भए नभएको

घ) स्टोर ब्यव्थापनमा त्रुटि रहे नरहेको

ङ) अग्रिम भुक्तानी रकम योजनाको उपभोक्ता समिति वा सञ्चालक समितिले गरेको निर्णय भन्दा फरक छ छैन

च) काटिएको चेक, बैंकको विवरणसँग reconcile (भिडाएर रुजु) गरियो गरिएन ।

छ) खर्च विवरणमा अल्लिखित अनुसारका मानिसले काम गरेको हो, होइन ?

ज) काम गर्ने मानिसले पूरै ज्याला पाएका छन्, छैनन् ?

झ) गाउँपालिकाबाट समय समयमा निरीक्षण भएको छ, छैन ? निरीक्षण पश्चात् प्राप्त सुझावहरु कार्यान्वयन भए, भएनन् ?

**३. पारदर्शिता**

क) योजना स्थलमा योजनाको लागानी बारे प्रष्ट हुने गरी सूचना बोर्ड राखियो राखिएन ।

ख) योजनाको सञ्चालन खर्चको विवरण प्रष्ट छ छैन ।

ग) मिजरमेन्ट वुक (नापी किताब) प्रष्ट सित राखिएको छ छैन ।

घ) योजना कार्यान्वयन हुनु अघि पर्याप्त जानकारी गराउने काम भए नभएको ।

**४. अन्य**

क) सहभागीमध्ये कसैले उपभोक्ता समितिको कुनै सदस्यको विशेष प्रशंसा मात्र गरेको वा विरोध गरेको अवस्थामा कारण पत्ता लागाउने ।

ख) सूचना प्रवाहमा दलित, महिला, बालबालिका र पिछडिएका वर्गको सहभागिता सह्यो रहेन । कतैबाट  अवरोध छ छैन पत्ता लगाउने ।

ग) प्राविधिकहरुबाट समयमै सुझाव र सल्लाह प्राप्त भयो, भएन ? दिइएका सल्लाह र सुझावहरु उपयुक्त थिए, थिएनन् ?

घ) योजनालाई प्रभावकारी रुपमा सञ्चालन  गर्न भविष्यको योजना के छ ?

ङ) योजना सञ्चालन को क्रममा माहत्वपूर्ण सिकाइ के रह्यो ?

**आज्ञाले,**

**चन्द्रसिंह श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः...   संख्याः...   मितिः ..../../..

**भाग-२**

**भूमे गाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत